# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१०/०८०/८१

आज मिति २०८०।०९।१८ गते बिहीवार दिउँसो १२:३० बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१०।०८०।८१ (दशौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | [signature] | |
| २. | रौशन परविन | नगर उपप्रमुख | [signature] | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | [signature] | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | [signature] | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | [signature] | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | [signature] | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | [signature] | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | [signature] | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | [signature] | |
| ११. | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | [signature] | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | [signature] | |
| १४. | लालबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | [signature] | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | [signature] | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | [signature] | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | दिवाकर झा | प्रशासन शाखा प्रमुख | | |
| २. | मन्जु सोनार | सहायक, चौथो | | |
| ३. | प्रेम कुशवाहा | का. स. | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.१०/०८०/८१ मिति २०८०।०९।१८ गतेको एजेण्डा तथा निर्णयहरू**

**छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)**

**१. नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून पारित गर्ने सम्बन्धमा ।**

**निर्णय**: नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०८० माथि दफावार छलफल गरी संशोधन सहित नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**२. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून पारित गर्ने सम्बन्धमा ।**

**निर्णय**: आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०८० माथि दफावार छलफल गरी संशोधन सहित पारित गरी बाहौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**३. आर्थिक ऐन, २०८० संशोधन सम्बन्धमा ।**

**निर्णय**: आर्थिक ऐन, २०८० मा करका दरहरूको पुनरावलोकन गरी संशोधन सहितको आर्थिक ऐन पारित गरी बाहौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**४. बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय**: यस उपमहानगरपालिकाको आ.व.२०८०।८१ को बजेट, नीति तथा कार्यक्रम, विनियोजन ऐन तथा २०८० श्रावण देखि मंसिरसम्मको विभिन्न शाखागत प्रगतिविवरण लगायतका विषयहरूमा दफावार छलफल गरी संशोधन सहित पारित गरी बाहौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**५. अनुदान सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।**

**निर्णय**: अनुदानमा सामूदायिक विकास तथा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यविधि, २०८० को दफा ४ मा तपसिल अनुसारको प्रथम संशोधन सहित कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

४ अनुदानमा निर्माण हुने तथा अनुदान दिन सक्ने परियोजनाः

४.१ आवास

४.२ बाटो

४.३ शौचालय

४.४ माटो/ग्राभेल

४.५ सामूदायिक भवन

४.६ धारा/चापाकल तथा चौताल

४.७ विद्यालय तथा विद्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन

४.८ खानेपानी

४.९ मठ मन्दिर, मस्जिद तथा धार्मिक क्रियाकलाप र मठ मन्दिरमा पूजापाठको लागि पुजारी तथा पुजारीको लागि तलब साथै दैनिक पुजापाठको व्यवस्थापन

४.१० दुर्गा पूजा, छठ पूजा, ईद, बकरीद, परापूर्व देखि लाग्दै आएको मेला आदी मनाउन तथा व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउने

४.११ अस्पताल सरसफाई र सहयोगीको काम गर्न जनशक्ति व्यवस्थापन

४.१२ शैक्षिक भ्रमण, अवलोकन भ्रमण जस्ता कार्यहरूमा अनुदान दिने ।

**६. लिजा (LISA) को प्राप्ताङ्क अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय**: आ.व. २०७९।०८० को लागि LISA प्रणालीमा कलैया उपमहानगरपालिकालाई कुल **८८.७५%** अंक प्राप्त भएकोमा उक्त प्राप्ताङ्क अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

**७. नवप्रवर्तन कार्यक्रममा सहभागी हुने सम्बन्धमा।**

**निर्णय:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखाको च.नं.३१ मिति २०८०।०९।०५ गतेको पत्रानुसार माग गरेको कार्यक्रममा सहभागी हुने निर्णय अनुसार नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा सहभागी हुन यस कार्यपालिकाको सर्व सम्मतिबाट सहमति रहेको निर्णय गरियो।

**८. लागत सहभागिताको प्रतिबद्धता सम्बन्धमा।**

**निर्णय:** नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४२ को उपदफा (१) को खण्ड (क) मा उल्लेख गरे अनुसार उपमहानगरपालिकाले पेश गर्ने प्रस्तावनाको ३०% (तीस प्रतिशत) लागत साझेदारी गर्ने प्रतिबद्धता गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**९. कार्यविधिको पालना गर्ने प्रतिबद्धता सम्बन्धमा।**

**निर्णय:** नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० लाई पूर्ण परिपालना गर्ने निर्णय गरियो।

**१०.न्यायिक समितिको खाजा सम्बन्धमा।**

**निर्णय:** न्यायिक समितिको बैठक बसेको दिन अधिकतम रु.२००।-(दुई सय मात्र) प्रति व्यक्तिलाई खाजा खर्च उपलब्ध गराउने साथै फिल्डमा खटेका दिन खाना वापत रू.२५०।- (दुई सय पचास मात्र) प्रति व्यक्ति उपलब्ध गराउने निर्णय गरियो।

**११.संगठन तथा व्यवस्थापन (O & M) गराउने सम्बन्धमा।**

**निर्णय:** यस कलैया उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन (O & M) गराउने निर्णय गरियो।

**१२.स्वीपरको संख्या निर्धारण गर्ने सम्बन्धमा।**

**निर्णय:** यस उपमहानगरपालिकामा कार्यरत स्वीपरहरूको संख्या पुनरावलोकन गर्नुपर्ने आवश्यकता महशुस भएकोले पछिल्लो स्थानीय तहको निर्वाचन भन्दा अगाडी कार्यरत स्वीपर संख्यालाई आधार मानी वडागतरूपमा स्वीपरहरूको संख्या पुनरावलोकन गर्ने गरी संख्या टुँग्याउन जिम्मेवारी यस उपमहानगरपालिकाका वातावरण तथा विपद् व्यवस्थापन समितिलाई दिने निर्णय गरियो।

**१३.आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय:** कलैया उपमहानगरपालिका वडा नं.२४ को सिफारिस बमोजिम वडाको बजेट सिलिङ्गबाट कट्टा हुने गरी श्री ने.रा.आधारभूत विद्यालयमा राष्ट्रिय गान, राष्ट्रिय चिनो, बालबिकास कक्षाकोठाको भित्तामा लेखन कार्य समेतको लागि विद्यालयका अध्यक्ष रसुलाजम अंसारीलाई रु.२०,०००।-(बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner